# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१०।०३ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

पशुसेवा विभाग हरिहरभवन ललितपुरका लेखा अधिकृत रमेश कार्कीले सेवाग्राहीसँग कार्यालयसँग सम्बन्धित सूचना विज्ञापन पत्रिकामा प्रकाशित गरिदिए पश्चात भुक्तानी दिएको रकमबाट घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज रमेश कार्कीलाई सेवाग्राहीबाट घुस/रिसवत वापतको रकम रु. ८,५००/- (आठ हजार पाँच सय) लिएको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा पशुसेवा विभाग हरिहरभवन, ललितपुरका लेखा अधिकृत रमेश कार्कीले सेवाग्राहीसँग लुलु मिडिया एण्ड पब्लिकेशन प्रा.लि. ले पशुसेवा विभाग हरिहरभवन पुल्चोक ललितपुरबाट गोरखापत्रमा विज्ञापन/सूचना प्रकाशन गर्ने काम लिई गोरखापत्रमा विज्ञापन/सूचना प्रकाशित गरी नियमानुसार भुक्तानी लिई सकेपश्चात उक्त बिल रकम भुक्तानी गरिदिए बापत घुस/रिसवत माग गरी लिएको पुष्टि हुन आएकोले निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको देखिंदा निज रमेश कार्कीलाई बिगो रु. ८,५००।—(आठ हजार पाँच सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला